# अर्थ बुलेटिन

वर्ष २ अंक २ भाद्र, २०७७

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१.आर्थिक वर्ष २०७७/७८ को भदौसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ५९ अर्ब ४१ करोडको तुलनामा १९.५ प्रतिशतले वृद्धि भई रु. ७० अर्ब ९८ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु. ६४ अर्ब ६९ करोड, पूँजीगत खर्च ४ अर्ब ७१ करोड र वित्तीय व्यवस्था तर्फ रु. १ अर्ब ५७ करोड रहेको छ। कोभिड-१९ महामारीका कारण विकास निर्माणका कार्यहरू निरन्तर सञ्चालन हुन नसक्दा चालु आर्थिक वर्षको सुरुवात सँगै पूँजीगत खर्च न्यून देखिएको छ।

तालिका (१): पछिल्लो ५ वर्षको भदौसम्मको संघीय खर्चको स्थिति (रू. करोडमा)


| आर्थिक वर्ष/महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च |
|---|---|---|---|---|
| २०७३-०५ | ४,६२२.० | २०१.० | ६७.८ | ४,८९०.८ |
| २०७४-०५ | ११,९१७.९ | ४२७.१ | ८२.३ | १२,४२७.४ |
| २०७५-०५ | ९,६१६.२ | ५७६.४ | ११८.४ | १०,३११.० |
| २०७६-०५ | ५,३६७.८ | ५१३.४ | ५९.३ | ५,९४०.५ |
| २०७७-०५ | ६४६९.३ | ४७१.४ | १५७.२ | ७,०९७.९ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

२.कोभिड-१९ को प्रत्यक्ष असर राजस्व परिचालमा परेको छ। चालु आर्थिक वर्षको भदौसम्ममा आयकर वाहेक अन्य राजस्व शीर्षकहरुमा संकलन भएको राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा संकुचन भएको छ। वस्तु पैठारीमा संकुचन भएको कारण सो को प्रत्यक्ष असर भन्सार महशुल तथा पैठारीमा संकलन हुने मूल्य अभिवृद्धि कर र अन्तशुल्कमा परेको छ। कुल उपभोगमा कमी आएको कारण उत्पादन तथा बिक्रीमा संकलन हुने मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनमा आधारित अन्तशुल्क राजस्व समेत घटेको छ। आयकर राजस्व बढेपनि यसको वृद्धिदर भने घटेको छ। गैरकर राजस्व परिचालन पनि संकुचन भएको छ।

चार्ट (१): पछिल्लो ५ वर्षको श्रावण महिनाको राजस्व परिचालनको प्रवृत्ति (रु.अर्बमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।


### प्रमुख झलकहरु

- चालु आर्थिक वर्षमा पनि कोभिड-१९ को जोखिमको कारण पैठारीमा संकुचन आउने क्रम जारी रहेको छ तर निकासी भने बढेको छ। कुल व्यापारमा निकासीको अंश १०.३ प्रतिशत पुगेको छ। फलस्वरुप, व्यापार घाटा २४.९ प्रतिशतले सुधार भएको छ। व्यापार सन्तुलन, चालु खाता तथा भुक्तानी सन्तुलन र विदेशी विनिमय सञ्चितमा हुँदै गएको सुधारबाट बाह्य क्षेत्र थप स्थिरतातर्फ उन्मूख देखिएको छ।
- प्रतिकुल अवस्थामा समेत कुल संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.५ प्रतिशतले बढेको छ। लक्ष्यको करिव ९२ प्रतिशत कर राजस्व संकलन भएको छ। आयकर राजस्व बढेको छ।
- आन्तरिक राजस्व परिचालनमा चाप परेतापनि वैदेशिक सहायता प्रतिबद्धतामा उल्लेख्यरुपमा वृद्धि भई रू. ८४ अर्ब ७ करोड पुगेको छ।
- कोरोना महामारीको समयमा समेत वित्तीय स्वस्थता कायम भएको छ। वित्तीय पहुँचमा विस्तार भएको छ। बीमामा पहुँच पुगेको जनसंख्या २२.७ प्रतिशत पुगेको छ।
- नेप्से सूचकांकमा देखिएको क्रमिक सुधारले पूँजीबजार थप सबलीकृत हुँदै गएको छ। २०७७ भदौ मसान्तमा नेप्से सूचकांक १५४१.१ बिन्द कायम भएको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

३. आर्थिक वर्ष २०७७/७८ को भाद्र महिनासम्ममा कुल राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. १ खर्ब २६ अर्ब २२ करोडको तुलनामा १६.५ प्रतिशतले संकुचन भई रु. १ खर्ब ५ अर्ब ३८ करोड रहेको छ। कुल राजस्वमा कर राजस्व रु. १ खर्ब १ अर्ब ५२ करोड र गैरकर राजस्व रु. ३ अर्ब ८६ करोड रहेको छ। साथै, यस अवधिमा अन्य आम्दानी तर्फ रु. ११ अर्ब १६ करोड प्राप्ति भएको छ। कुल राजस्व र अन्य प्राप्ति सहित कुल प्राप्ति रु. १ खर्ब १६ अर्ब ५४ करोड रहेको छ।

**चार्ट (२): आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ (दायाँ) को भाद्र महिनासम्मको राजस्व संकलनको संरचना**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. चालु आर्थिक वर्षको पहिलो २ महिनामा भन्सार बिन्दुमा संकलन हुने कर राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २३.१ प्रतिशतले घटेर ४३ अर्ब ७२ करोड रहेको छ भने आन्तरिक कर राजस्व ७.९ प्रतिशतले घटेर रू. ५७ अर्ब ८० करोड रहेको छ।

**तालिका (२): राजस्व लक्ष्य र असुली‍को विवरण (रू. करोडमा)**

| कर शीर्षक | आर्थिक वर्ष २०७७/७८ को वार्षिक लक्ष्य | भदौ महिनाको राजस्व असुली | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | |
| भन्सार महशुल | **१९३५५.४७** | **२५६७.९५** | **२११६.८४** | **-१७.५७** |
| मूल्य अभिवृद्धि कर | **३०२१६.८७** | **४५३६.८७** | **३८७५.३३** | **-१४.५८** |
| उत्पादन, विक्री, सेवा | ११२०३.६२ | २३२६.०५ | २०९०.८८ | -१०.११ |
| पैठारी | १९०१३.२५ | २२१०.८१ | १७८४.४५ | -१९.२९ |
| अन्त:शुल्क | **१५५५०.४१** | **२०३९.७५** | **१५१९.०५** | **-२५.५३** |
| आन्तरिक उत्पादन | ९८९२.२९ | ११३४.३७ | १०४८.६२ | -७.५६ |
| पैठारी | ५६५८.१२ | ९०५.३८ | ४७०.४३ | -४८.०४ |
| आयकर | **२३८०३.८७** | **२४१७.४६** | **२४७६.९२** | **२.४६** |
| आयकर | २१५०३.१३ | १९२२.११ | १९११.०१ | -०.५८ |
| ब्याज कर | २३००.६२ | ४९५.३५ | ५६५.९१ | १४.२५ |
| अन्य कर | **२३६८.४०** | **४०१.००** | **१६३.५२** | **-५९.२२** |
| कर राजस्व जम्मा | **९१२९४.९०** | **११९६३.०३** | **१०१५१.६७** | **-१५.१४** |
| गैर कर जम्मा | **९८८०.९४** | **६५८.६२** | **३८६.४१** | **-४१.३३** |
| कूल राजस्व जम्मा | **१०११७५.८४** | **१२६२१.६४** | **१०५३८.०८** | **-१६.५१** |
| अन्य प्राप्ति | **०.००** | **९७८.२५** | **१११५.५७** | **१४.०४** |
| **जम्मा प्राप्ति** | **१०११७५.८४** | **१३५९९.८९** | **११६५३.६५** | **-१४.३१** |

स्रोतः अर्थ मन्त्रालय।

#अन्य कर शीर्षकमा पूर्वाधार सेवाको उपयोग, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार शुल्क र शिक्षा सेवा शुल्क मात्र संलग्न गरिएको। अन्य प्राप्तिमा Last Year's Cash Balance and Beruju Recovery समावेश गरिएको छ।

## करको दायरा विस्तार

५. २०७७ भदौसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ३४ लाख ३७ हजार ७८ रहेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १३ लाख ८४ हजार २ सय १६ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २० लाख ४७ हजार २ सय १४ पुगेका छन्। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता २ लाख ६१ हजार ५ सय ३० र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या ९७ हजार ८ सय ८४ पुगेको छ। कोभिड-१९ को महामारीबाट सिर्जित विभिन्न बाधा/व्यवधानको कारण नागरिकको सहज आवागमन (Mobility) सहज नहुँदा यस अवधिमा स्थायी लेखा नम्बर लिने करदाताको संङ्ख्या घटेको छ।

**तालिका (३): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७७ असारसम्म | २०७६/७७ को | २०७७/७८ को श्रावणसम्ममा थप | प्रतिशत परिवर्तन | हालसम्मको जम्मा |
|---|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर BPAN) | १३५८९३४ | ८०१२१ | २५२८२ | -६८.४ | १३८४२१६ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | १९७३४५२ | ५०९१९३ | ७३७६२ | -८५.५ | २०४७२१४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ५१०६ | १०६६ | ५४२ | -४९.२ | ५६४८ |
| जम्मा स्थायी लेखा नम्बर | ३३३७४९२ | ५९०३८० | ९९५८६ | -८३.१ | ३४३७०७८ |
| मू.अ.कर | २५५९६३ | १७९९५ | ५५६७ | -६९.१ | २६१५३० |
| अन्तः शुल्क | ९४२९२ | १११०१ | ३५९२ | -६७.६ | ९७८८४ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## संघीय राजस्व

६. चालु आर्थिक वर्षको भदौसम्म संघीय सरकारको राजस्व रू. ९० अर्ब ४६ करोड रहेको छ। यस अवधिमा प्रदेश तथा स्थानीय तहमा बाँडफाँट भएर जाने राजस्व रू. १४ अर्ब ९१ करोड रहेको छ।

७. चालु आर्थिक वर्षको भदौसम्म संघीय सरकारले प्राप्त गर्ने कर राजस्व १५.५ प्रतिशतले संकुचन भई रू. ८६ अर्ब ७४ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रू. १ खर्ब २ अर्ब ६२ करोड रहेको थियो। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट भएर जाने कर राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.२ प्रतिशतले संकुचन भई रू. १४ अर्ब ७७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रू. १७ अर्ब १ करोड रहेको थियो।

## सार्वजनिक वित्तका अन्य गतिविधी

८. नेपाल सरकारले नेपाल राजस्व परामर्श विकास समिति (गठन) आदेश, २०७६ को दफा ३ को उपदफा (३) बमोजिम नेपाल राजस्व परामर्श विकास समितिको अध्यक्ष तथा सदस्य नियुक्ति र सोही आदेशको दफा १२ बमोजिम सो समितिको अध्यक्ष तथा सदस्यको पारिश्रमिक तथा सुविधा तोक्ने सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशित गरिएको छ।

९. अन्तशुल्क इजाजतपत्र नवीकरण गर्ने कार्यलाई सहज बनाउने उद्देश्यले अन्तःशुल्क ऐन, २०५८ को दफा ९ को उपदफा (५) बमोजिमको अन्तःशुल्क इजाजतपत्र नवीकरण गर्ने अवधि संवत् २०७७ साल असोज मसान्तसम्म थप गरेको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिएको छ।


१०. विभिन्न प्रकारका राजस्व छुट सम्बन्धी निर्णय भई त्यसको चार वटा सूचना नेपाल राजपत्रमा प्रकाशित गरिएको छ।

११. आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को मस्यौदा स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गरिएको छ।

## अन्तर्राष्ट्रिय विकास सहायता

१२. आर्थिक वर्ष २०७७/७८ को पहिलो २ महिनामा वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको रू. १२ अर्ब ३५ करोडको तुलनामा ५८१.० प्रतिशतले वृद्धि भई रु. ८४ अर्ब ७ करोड पुगेको छ। यसमध्ये अनुदान सहायता रु. ६ अर्ब ३५ करोड र ऋण सहायता रु. ७७ अर्ब ७२ करोड रहेको छ।

**चार्ट(३): चालु आर्थिक वर्षको भदौसम्मको वैदेशिक सहायता प्रतिबद्धताको संरचना**




स्रोतः अर्थ मन्त्रालय।

१३. वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः ७.६ प्रतिशत र ९२.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको

पहिलो २ महिनाको कुल वैदेशिक सहायता प्रतिबद्धतामा अनुदानको हिस्सा शत प्रतिशत रहेको थियो।

१४. चालु आर्थिक वर्षको भदौसम्म सडक तथा सुशासन क्षेत्र (रणनैतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना) अन्तर्गत सबैभन्दा बढी रू. ५४ अर्ब बराबरको ऋण सहायता प्रतिबद्धता प्राप्त भएको छ। त्यसैगरी, ऊर्जा क्षेत्र विकास (SASEC power transmission and distribution system strengthening Project) को लागि ऋण तथा अनुदान गरी रू. २७ अर्ब ८७ करोड, विद्यालय क्षेत्र विकास कार्यक्रमको लागि अनुदानतर्फ रू.१ अर्ब ६१ करोड र भूकम्प पछिको पुनर्निर्माण क्षेत्रमा रू. ६० करोड वरावरको वैदेशिक अनुदान सहायता प्रतिबद्धता प्राप्त भएको छ।

१५. चालु आर्थिक वर्षको भदौसम्म संघीय सरकारले प्राप्त गरेको वैदेशिक अनुदान र ऋण क्रमशः रू. २ अर्ब ३१ करोड र रू. ६अर्ब ६१ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सहायता क्रमशः रू. ६ अर्ब ६६ करोड र रू. १६ अर्ब ८४ करोड रहेको छ।

## वित्तीय क्षेत्र

१६. कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल निक्षेप र कर्जा लगानी बढ्दै गएको छ। २०७७ भदौमा कुल कर्जा लगानीमा विपन्न क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अनुपात ६.६१ प्रतिशत पुगेको छ। २०७६ भदौसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ८,९७० रहेकोमा २०७७ साउनसम्म यस्तो सङ्ख्या ९.८ प्रतिशतले बढेर ९,८५१ पुगेको छ। २०७७ भदौमसान्तसम्म एटिएमको संख्या ४१०६ पुगेको छ।

तालिका (४): वित्तीय क्षेत्रका परिसूचकहरु

| विवरण | भदौसम्म | | |
|---|---|---|---|
| | २०७५ | २०७६ | २०७७ |
| कुल गार्हस्थ्य उत्पादनको अनुपातमा | | | |
| कुल निक्षेप | ९५.६१ | ९६.८९ | १०५.१३ |
| कुल कर्जा | ८३.०५ | ८५.९३ | ८७.३५ |
| कुल कर्जा लगानीको अनुपातमा | | | |
| निष्कृय कर्जा | १.६० | १.५२ | १.८९ |
| विपन्न क्षेत्र कर्जा | ६.२८ | ६.५६ | ६.६१ |
| वित्तीय पहुँचका परिसूचकहरु | | | |
| बैङ्क तथा वित्तीय संस्था (संख्यामा) | १५१ | १६८ | १५२ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (संख्यामा) | ६८१९ | ८९७० | ९८५१ |
| कुल निक्षेप खाता (संख्या लाखमा) | २३५.४५ | २७८.६७ | ३२४.५४ |
| कुल कर्जा खाता (संख्या लाखमा) | १३.०१ | १४.४० | १५.४४ |
| एटिएम (संख्यामा) | २७९१ | ३३१६ | ४१०६ |
| भारित औसत ब्याजदार | | | |
| निक्षेप | ६.३० | ६.८० | ५.६१ |
| कर्जा | १२.३२ | ११.९७ | १०.१८ |

स्रोतः नेपाल राष्ट्र बैङ्क।

१७. २०७६ भदौमा बैंक तथा वित्तीय संस्थाको निक्षेप र कर्जामा भारित औसत व्याजदर क्रमशः ६.८० प्रतिशत र ११.९७ प्रतिशत रहेकोमा २०७७ भदौ मसान्तमा यस्तो ब्याजदर घटेर क्रमशः ५.६१ प्रतिशत र १०.१८ प्रतिशत रहेको छ।

## वित्तीय क्षेत्रका अन्य गतिविधी

१८. सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ को तेस्रो संशोधन प्रस्ताव स्वीकृतिका लागि मिति २०७७ भदौ ५ गते नेपाल सरकार, मन्त्रिपरिषदमा पेश भएको छ।

१९. रु.१ र रु.२ का सिक्का टकमरी गरी चलन चल्तीमा ल्याउन मिति २०७७ भदौ २९ गते नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृति भएको छ।

२०. नवप्रवर्तन शुरुवाती पूँजी कर्जा प्रवाह कार्यविधि, २०७७ को मस्यौदा तर्जुमा सहमतिको लागि मिति २०७७ भदौ २१ गते कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाईएको छ।

## बीमा क्षेत्र


२१. चालु आर्थिक वर्षको पहिलो २ महिनामा बीमा प्रिमियम संकलन गत आर्थिक वर्षको सोही अवधिको रू. २१ अर्ब ९ करोड ७९ लाखको तुलनामा २१.१ प्रतिशतले वृद्धि भई रू. २५ अर्ब ५५ करोड पुगेको छ। यस अवधिको कुल बीमा प्रिमियम संकलनमा जीवन र निर्जीवन बीमातर्फ संकलन भएको प्रिमियमको हिस्सा क्रमशः ८१.३ प्रतिशत र १८.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ७८.० प्रतिशत र २२.० प्रतिशत रहेको थियो।

२२. २०७७ भदौसम्म बीमाको दायरामा आएको जनसंख्या २२.४ प्रतिशत पुगेको छ भने वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसंख्या २५.२ प्रतिशत पुगेको छ। २०७६ भदौमसान्तसम्म यस्तो जनसंख्या क्रमशः २०.४ प्रतिशत र २४.८ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२३. वार्षिक विन्दुगत आधारमा २०७६ भाद्र मसान्तमा ११५०.७ विन्दुमा रहेको नेप्से सूचकांक ३३.९ प्रतिशतले बढेर २०७७ भाद्र मसान्तमा १५४१.४ विन्दु कायम भएको छ।


चार्ट (ग): पछिल्लो ५ वर्षको भदौ मसान्तको नेप्से सूचकांक




स्रोतः नेपाल स्टक एक्सेन्ज लिमिटेड।

२४. यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण २०७७ भदौमसान्तमा ४०.२ प्रतिशतले वृद्धि भई रु. २० खर्ब ४९ अर्ब २८ करोड रहेको छ। २०७६ भदौ मसान्तमा यस्तो रकम रु. १४ खर्ब ६१ अर्ब ५४ करोड रहेको थियो।

चार्ट (४): २०७७ भदौ महिनाको नेप्से सूचकांकको प्रवृत्ति





स्रोत: नेपाल स्टक एक्सेन्ज लिमिटेड।

२५. २०७७ भदौ १ गते १४०२.२ बिन्दु रहेको नेप्से सूचकांकमा क्रमशः सुधार हुँदै २०७७ भदौ मसान्तमा १५४१.१ बिन्दु पुगेको हो। २०७७ भदौमहिनाको प्रवृत्ति हेर्दा भदौमसान्तमा नेप्से सूचकांक उच्चतम बिन्दुमा पुगेको छ। कोभिड-१९ महामारीमा समेत नेप्से सूचकांक बढ्दै जानुले पूँजी बजार सुधारोन्मूख रहेको देखिन्छ।

## समग्र मूल्य स्थिति

२६. २०७७ साउनमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.५० प्रतिशत रहेको छ। २०७६ साउनमा यस्तो मुद्रास्फीति ६.९५ प्रतिशत रहेको थियो। २०७७ साउनमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.३८ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति २.०५ प्रतिशत रहेको छ। २०७६ साउनमा यस्तो मुद्रास्फीति क्रमशः ८.०२ प्रतिशत र ६.१२ प्रतिशत रहेको थियो।

चार्ट (५): वार्षिक बिन्दुगत आधारमा पछिल्लो ५ वर्षको साउन महिनाको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति




स्रोत: नेपाल राष्ट्र बैङ्क।

## बाह्य क्षेत्र

### वस्तु निकासी

२७. आर्थिक वर्ष २०७७/७८ को पहिलो २ महिनामा कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.५ प्रतिशतले वृद्धि भई रु. २० अर्ब ४४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रु. १८ अर्ब ५० करोड रहेको थियो।

२८. समीक्षा अवधिमा भारततर्फको वस्तु निकासी १८.७ प्रतिशतले बढेको छ भने चीन र अन्य देशतर्फ भएको वस्तु निकासी क्रमशः ५४.९ प्रतिशत र २.९ प्रतिशतले घटेको छ।

२९. समीक्षा अवधिमा कुल निकासीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ७०.६ प्रतिशत, ०.६ प्रतिशत र २८.८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ६५.७ प्रतिशत, १.६ प्रतिशत र ३२.७ प्रतिशत रहेको थियो। यस अवधिमा प्रशोधित भटमासको तेल, चिया र उनी गलैचा कार्पेट, जमोठ कपडा, जुटका कपडा लगायतका वस्तुको निकासी बढेको छ।

तालिका (५) : भदौ महिनासम्म निकासी भएका प्रमुख वस्तुहरु (रु.करोडमा)

| क्र.सं. | वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| १ | भटमासको तेल प्रशोधित | ९२.७९ | ५४७.९३ | ४९०.५ |
| २ | चिया | ६४.२३ | १५८.६७ | १४७.० |
| ३ | उनी गलैंचा कार्पेट | १३१.६१ | १३२.७८ | ०.९ |
| ४ | सेन्थेटिक यार्न | १४८.२९ | १२९.१५ | -१२.९ |
| ५ | अलैची | १०२.६ | ९६.०७ | -६.४ |
| ६ | तयारी कपडा | १२१.४३ | ९३.३३ | -२३.१ |
| ७ | जमोठ कपडा | ६०.९८ | ७४.४८ | २२.१ |
| ८ | जुटका बुनिएका कपडा | ४९.९२ | ६५.४१ | ३१.० |
| ९ | फलफूलको जुस | ६३.४४ | ५२.८९ | -१६.६ |
| १० | अन्य कपडा | ५६.२५ | ४९.२७ | -१२.४ |
| ११. | अन्य | ९५८.६८ | ६४४.३२ | -३२.८ |
| | जम्मा | १८५०.२ | २०४४.३ | १०.५ |

स्रोत: भन्सार विभाग ।

### वस्तु पैठारी

३०. चालु आर्थिक वर्ष २०७७/७८ को पहिलो २ महिनामा कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २२.१ प्रतिशतले संकुचन भई रु. १ खर्ब ७८ अर्ब ८५ करोड रहेको

छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु पैठारी रु. २ खर्ब २९ अर्ब ५० करोड रहेको थियो।

**तालिका (६) : भदौ महिनासम्ममा पैठारी भएका प्रमुख १० वस्तुहरु**
(रु. करोडमा)

| क्र.सं. | वस्तुको नाम | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| १ | मोवाइल टेलिफोन सेट | ५१०.४६ | ७९४.२५ | ५५.६ |
| २ | भटमासको तेल कच्चा | २९२.७२ | ५७५.७६ | ९६.७ |
| ५ | एम.एस.विलेट | ७६१.६९ | ५५७.४० | -२६.८ |
| ४ | चामल | २८२.७२ | ५२१.६९ | ८४.५ |
| ३ | डिजेल | १४६७.८१ | ५०५.५८ | -६५.६ |
| ६ | एल पि ग्यास | ४३६.०७ | ४१७.८३ | -४.२ |
| ८ | तयारी कपडा | ७३१.९४ | ३७१.१८ | -४९.३ |
| ७ | एच.आर.सिट | ५७२.२ | ३५९.०९ | -३७.२ |
| १० | पोलिथिन दाना | ४०४.२९ | ३४७.२४ | -१४.१ |
| ९ | पेट्रोल | ६०५.४४ | ३४०.६४ | -४३.७ |
| ११ | अन्य | १६८८४.७ | १३०९३.७ | -२२.५ |
| | जम्मा | २२९५०.४ | १७८८४.६ | -२२.१ |

स्रोतः भन्सार विभाग ।


३१. समीक्षा अवधिमा भारत, चीन र अन्यदेशबाट भएको वस्तु पैठारी क्रमशः १६.५ प्रतिशत, ४०.१ प्रतिशत र २३.६ प्रतिशतले घटेको छ।

३२. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशबाट भएको पैठारीको अंश क्रमशः ६६.९ प्रतिशत, १३.६ प्रतिशत र १९.५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अंश क्रमशः ६२.४ प्रतिशत, १७.७ प्रतिशत र १९.९ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष २०७७/७८ को श्रावण महिनामा मोवाइल टेलिफोन, भटमासको कच्चा तेल र चामल लगायतका पैठारी बढेको छ भने एम.एस.विलेट, डिजेल, पेट्रोल, एल.पी.ग्यास, तयारी कपडा, पोलिथिन दाना लगायतका वस्तुको पैठारी घटेको छ।

## व्यापार सन्तुलन

३३. वस्तु पैठारीमा आएको संकुचन तथा वस्तु निकासीमा भएको वृद्धिको कारण गत आर्थिक वर्ष जस्तै चालु आर्थिक वर्षमा आर्थिक वर्षको सुरूवात सँगै वस्तु व्यापार घाटामा सुधार हुँदै गएको छ भने कुल व्यापारमा वस्तु निकासीको अंश बढ्दै गएको छ।


**चार्ट (६): पछिल्लो ५ वर्षको भाद्रसम्मको व्यापार घाटाको स्थिति (रू. अर्बमा)**




स्रोतः अर्थ मन्त्रालय।

३४. कोभिड-१९ महामारीका कारण कुल उपभोग तथा कुल लगानी मागमा कमी आएको हुँदा सो को प्रत्यक्ष प्रभाव वस्तु पैठारीमा समेत परेको छ। फलस्वरुप, आर्थिक वर्ष २०७७/७८ को पहिलो २ महिनामा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २४.९ प्रतिशतले संकुचन भई रु.१ खर्ब ५८ अर्ब ४० करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रु.२ खर्ब ११ अर्ब रहेको थियो। यस अवधिमा कुल वस्तु व्यापारमा निकासीको अंश १०.२६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश ७.४६ प्रतिशत रहेको थियो।

**चार्ट (७): कुल व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)**




स्रोतः अर्थ मन्त्रालय।

३५. चालु आर्थिक वर्षको पहिलो २ महिनाको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः १०.३ प्रतिशत र ८९.७

प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश ७.५ प्रतिशत र ९२.५ प्रतिशत रहेको थियो। समिक्षा अवधिमा वस्तु पैठारीमा संकुचन भएको र निकासीमा वृद्धि भएको कारण कुल वस्तु व्यापारमा निकासीको अंश बढेको हो।

## सेवा व्यापार

३६. आर्थिक वर्ष २०७७/७८ को पहिलो महिनामा कुल सेवा आय गत वर्षको पहिलो महिनाको सेवा आय रु. १३ अर्ब १० करोडको तुलनामा ४८.५ प्रतिशतले संकुचन भई रु. ६ अर्ब ७५ करोड रहेको छ। साथै यस अवधिमा सेवा खर्च अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ४४.३ प्रतिशतले घटेर रू. ९ अर्ब २० करोड रहेको छ। समग्रमा यस अवधिमा खुद सेवा आय रू. २ अर्ब ४५ करोडले घाटामा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. ३ अर्ब ४१ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह

३७. आर्थिक वर्ष २०७७/७८ को पहिलो महिनामा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको तुलनामा २३.० प्रतिशतले वृद्धि भई ९२ अर्ब ७१ करोड रहेको छ। गत आर्थिक वर्षमा यस्तो आप्रवाह रू. ८७ अर्ब ५० करोड रहेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३८. आर्थिक वर्ष २०७७/७८ को पहिलो महिनामा शोधनान्तर स्थिति रु. ५१ अर्ब ४६ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. ६ अर्ब ५ करोडले वचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रु. २५ अर्ब ४१ करोडले वचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु. ९ अर्ब ३४ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

३९. २०७७ साउन मसान्तमा विदेशी विनिमय सञ्चिति २०७६ साउन मसान्तको तुलनमा ३४.९ प्रतिशतले बढेर रु.१४ खर्ब ३६ अर्ब ७३ करोड पुगेको छ। २०७६ साउन मसान्तमा यस्तो सञ्चिति. १० खर्ब ६४ अर्ब ६४ करोड रहेको थियो।

४०. आर्थिक वर्ष २०७७/७८ को पहिलो महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले करिब १७.३ महिना बराबरको वस्तु र करिब १५.६ महिना बराबरको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर

४१. २०७७ असार मसान्तको तुलनामा २०७७ भदौ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.४ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.११७.५४ रहेको छ। २०७६ भदौ मसान्तमा यस्तो विनिमय दर २०७६ असार मसान्तको तुलनामा ४.५ प्रतिशतले अवमूल्यन भई रु.११४.२६ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४२. आर्थिक वर्ष २०७६/७७ को भाद्र महिनासम्म दर्ता भएका कम्पनीको संख्या ५,६७३ रहेकोमा चालु आर्थिक वर्षको भाद्र मसान्तमा यस्तो सङ्ख्या २७.७ प्रतिशतले घटेर ४,१०० रहेको छ।

### पर्यटक आगमन

४३. सन् २०२० को अगष्टसम्म नेपाल भित्रिएका पर्यटक (भारतबाहेक) को सङ्ख्या सन् २०१९ को सोही अवधिको तुलनामा ७०.८ प्रतिशतले संकुचन भई २ लाख १५ हजार ७ सय १४ रहेको छ। कोभिड-१९ महामारीका कारण अन्तर्राष्ट्रिय हवाई उडान प्रभावित हुँदा सन् २०२० को अगष्ट महिनामा २६५ पर्यटक मात्र नेपाल भित्रिएका छन्। सन् २०१९ को अगष्ट महिनामा यस्तो संख्या ९४ हजार ७ सय ४९ रहेको थियो।

## अन्य गतिविधी

४६. मिति २०७७ भाद्र ११ गते नेपाल सरकार र विश्व बैंकबीच South Asia Sub-regional Economic Cooperation (SASEC) Power Transmission and Distribution System Strengthening Project कार्यान्वयनको लागि अमेरिकी डलर २०० मिलियन (करिब रु. २३ अर्ब ८८ करोड) बराबरको सहुलियतपूर्ण ऋण सम्झौतामा हस्ताक्षर भएको छ। सो परियोजनाको लागि नर्वे सरकारले अमेरिकी डलर ३५ मिलियन (करिब रु. ४ अर्ब १८ करोड) बराबरको अनुदान सहायता गरी सह लगानी गर्ने गरी सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

४७. मिति २०७७ भाद्र १९ गते नेपाल सरकार र विश्व बैंकबीच विद्यालय क्षेत्र विकास कार्यक्रमका लागि १ करोड ८५ लाख अमेरिकी डलर (रु. करिब १ अर्ब २७ करोड) बराबरको अनुदान सहायतामा हस्ताक्षर भएको छ।

४८. मिति २०७७ भाद्र ११ गते माननीय अर्थमन्त्री र संयुक्त अधिराज्य बेलायतका विदेश तथा कमनवेल्थ अफिसका राज्यमन्त्री लर्ड अहमद बीच द्विपक्षीय सहयोग र हितका विषयमा

भिडियो कन्फेरेन्समार्फत छलफल भएको छ। उक्त छलफलमा बेलायतका मन्त्रीले कोभिड-१९ ले सिर्जना गरेको कठिन अवस्थालाई सम्बोधन गर्न नेपाललाई ४५.८ मिलियन स्टर्लिङ पाउण्डको सहयोग प्याकेजको घोषणा गर्नुहुँदै नेपालको आर्थिक सुधार, लगानीको वातावरण, वैदेशिक लगानीको सीमा, जलवायु परिवर्तनको असर न्यूनीकरण, सगरमाथा सम्बाद र हरित विकास जस्ता विषयमा नेपालसित थप सहयोग बढाउन र सहकार्य गर्न बेलायत सरकार ईच्छुक रहेको बताउनु भयो।

४९. माननीय अर्थमन्त्री र विश्व बैकका दक्षिण एशिया क्षेत्रका उपाध्यक्ष श्री हार्टविग सेफर बीच विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड –१९) ले नेपालको अर्थतन्त्र, स्वास्थ्य क्षेत्र र जनजीवनमा पारेको एवं पार्न सक्ने प्रभाव, कोभिड –१९ रोकथाम र नियन्त्रणमा नेपाल सरकारले हालसम्म चालेका कदमहरू तथा विश्व बैकको सहयोगमा सञ्चालित आयोजनाहरुबारे मिति २०७७ भाद्र ५ गते भिडियो कन्फरेन्स मार्फत छलफल भयो।

५०. सार्क राष्ट्रका अर्थमन्त्रीहरूको १५ औं अनौपचारिक बैठक माननीय परराष्ट्र मन्त्री श्री प्रदीप ज्ञवालीको अध्यक्षतामा मिति २०७७ भाद्र ३१ गते सम्पन्न भएको छ। माननीय परराष्ट्र मन्त्रीले कोभिड-१९ को कारणले विश्व अर्थतन्त्रसँगै दक्षिण एशियाको अर्थतन्त्रमा पनि गम्भीर असर परेको र यसबाट मुक्त हुन सार्क राष्ट्रबीच पारस्परिक सहयोग र साझेदारीको महत्व बढेको धारणा राख्नुभयो।